म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६५ शनिबार, १२ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 25 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सहिदहरूप्रति सम्मान गरौ**

- सहिदहरू राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौ,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपमहानगरकै विकट नकौलीबाट १ नम्बर वडा बालमैत्री घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । शुक्रबार १ नम्बर वडामा रहेको नकौली आधारभूत स्वास्थ्यकेन्द्र बाँफोडाँडा परिसरमा एक कार्यक्रमकाबीच वडालाई बालमैत्री घोषणा गरिएको हो ।



हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले १ नम्बर बालमैत्री वडा भएको घोषणा गरेकी हुन् । हेटौंडा उपमहानगर १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, २ नम्बर वडाअध्यक्ष विष्णुगोपाल महर्जन, ३ नम्बर वडाअध्यक्ष ढलकबहादुर थापा, ६ नम्बर वडाअध्यक्ष विष्णुबहादुर दाहाल, ७ नम्बर वडाअध्यक्ष दामोदर गौतम, ८ नम्बर वडाअध्यक्ष रामकृष्ण थापा, ९ नम्बर वडाअध्यक्ष सुकराम केसी, ११ नम्बर वडाअध्यक्ष जुना दाहाल, १६ नम्बर अध्यक्ष रामकृष्ण कोइराला, १७ नम्बर वडाअध्यक्ष उद्धव सत्याल र १९ नम्बर वडाअध्यक्ष नरनाथ सुवेदी 'नवराज' लगायतको आतिथ्यता थियो ।

मेयर लामाले बालमैत्री घोषणालाई दिगोरुपमा सार्थकता दिने गरी काम गर्न अनुरोध गरिन् । वडाअध्यक्ष न्यौपानेका अनुसार बालमैत्री घोषणाका लागि आवश्यक ५१ सूचकमध्ये ४७ वटामा सत्प्रतिशत र बाँकी ४ वटा सूचकमा क्रमश: ८२ देखि ९६ प्रतिशतसम्म नतिजा हाँसिल गरेर घोषणा गरिएको हो । १४ दशमलव ८६ वर्ग किलोमिटर रहेको यस वडामा घरधुरी तथ्यांक सर्वेक्षण अनुसार ६ हजार ७९० जनसंख्या रहेको छ । यस वडामा १८ वर्ष मुनीका बालबालिकाको संख्या २०१४ रहेका छन् । ५ वटा सामुदायिक र एउटा संस्थागत विद्यालय रहेको १ नम्बर वडामा १८ वटा बालसमूह र एउटा बालक्लव सञ्जाल सक्रिय रहेको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य सुवर्ण गोपाली, हेटौंडा उपमहानगर पालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम वडा बाल सञ्जालका तर्फबाट सिमा सिलवाल र विकल्प अर्यालले संचालन गरेका थिए ।

नेपाल सरकारले २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्य लिएको छ । सोही लक्ष्यलाई पछ्याउँदै हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री बनाउने अभियान अन्तर्गत धमाधम वडाहरु बालमैत्री घोषणा गरिएको छ । अब हेटौंडाको ३ वटा वडा मात्र बालमैत्री घोषणा हुन बाँकी रहेको छ । हेटौंडाको ३, १४ र १५ नम्बर वडा बालमैत्री घोषणा हुन बाँकी रहेको हो ।

## स्वदेशी उत्पादन प्रयोग गर्न प्रदेशप्रमुखको आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले स्वदेशी हस्तकला, कृषिउत्पादन प्रयोग र वितरण नेपाली उद्यमशीलताका महत्वपूर्ण स्तम्भ रहेको बताएका छन् । शुक्रबार हेटौंडा उपमहानगर पालिका-१० मा दोस्रो घरेलु उत्पादन प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रम एवम् शैक्षिक मेला २०८१ को उद्घाटन गर्दै प्रदेशप्रमुख देवाकोटाले स्व-उत्पादन प्रयोग गरी आत्मनिर्भर तालाई बलियो बनाउनु पर्ने बताएका छन् ।

आन्तरिक उत्पादनमा अधिकतम खपत र निकासी गर्नुपर्नेमा जोड दिंदै स्थानीय निकायले कानूनीरुपमा स्थानीय उत्पादनको बिक्री-वितरण र प्रयोगमा ठोस, परिणाममुखी कदम चाल्नुपर्ने प्रदेशप्रमुख देवकोटाको भनाई छ । स्वेदशी सामग्रीको गुणस्तर र किफायती मूल्य कायम गर्नुपर्ने भन्दै देवकोटाले भने, 'हाम्रा स्थानीय र स्वदेशी सामग्री कार्यालयको पहिरन वा व्यक्तिगत उपहार र सजावटमा प्रयोग गर्नुपर्छ । गुणस्तर र किफायती मूल्य कायम गर्नुपर्छ । आखिर, यो सुरु गर्ने तपाईं एक हुनुहुन्छ ।'

प्रदेशप्रमुख देवकोटाले स्थानीय तथा स्वदेशी कच्चापदार्थलाई सकेसम्म बढी प्रयोग गरी उत्पादनमा जोडेर बजारको खोजी र विस्तार गर्नुपर्ने बताए । सूचनाप्रविधिलाई अधिकतम प्रयोग गरी फाइदा लिनुपर्ने बताउँदै उनले त्यसतर्फ राज्यका सबै निकाय सहयोगी बन्न जरुरी रहेको उनले उल्लेख गरे । स्थान विशिष्ट र स्थानीय कच्चा पदार्थको आधारमा उत्पादन पकेटक्षेत्र घोषणा गरी आधारभूत पूर्वाधार सहित औद्योगिकग्राम निर्माण गर्नुपर्ने देवकोटाको भनाई छ । यसो गर्दा लक्ष्यउन्मुख बाटोमा अघि बढ्दै समृद्धि हासिल गर्न सफल हुने दाबी देवकोटाले गरे ।

स्वदेशी उत्पादनको प्रयोगलाई सबैले आत्मसात गर्दै अगाडि बढ्न प्रदेशप्रमुखको आग्रह थियो । हेटौंडा-१० वडा कार्यालयको आयोजनामा सुरु भएको प्रदर्शनी एवम् शैक्षिक मेला शनिबारसम्म संचालन हुनेछ । उद्घाटन कार्यक्रम वडाध्यक्ष फूर्वादोर्जे लामाको सभाध्यक्षमा भएको हो ।

वडाध्यक्ष लामाले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, उत्पादित वस्तुको बजारीकरण गर्ने र स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रदर्शनी मेलाको आयोजना गरेको बताए ।

प्रदर्शनीमा हेटौंडा नगरका १९ वटै वडाका घरेलु तथा हस्तकला, कृषि, ढाकाबाट बनेका समानको प्रदर्शनी तथा बिक्री-वितरण हुनेछ । व्यवसायीलाई स्टल नि:शुल्क उपलब्ध गराइएको वडाध्यक्ष तामाङले बताए । कार्यक्रम टोल विकास संस्था, नगरसमन्वय समिति, वडा समन्वय समिति, उद्योग वाणिज्य संघ, विद्यालय, जाल्पादेवी उद्यमी महिला केन्द्र, स्थानीय क्लब, राजनीतिक दललगायत विभिन्न संघसंस्थाको सहकार्यमा आयोजना गरिएको हो ।

कार्यक्रममा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्ण सिलवाल, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरी बल १४ नं. गणका प्रमुख प्रहरीउपरीक्षक ज्ञानप्रसाद भुर्तेल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, उपमहानगरका जनप्रतिनिधि, विद्यार्थी र स्थानीयवासीको उपस्थिति रहेको थियो ।

## स्वास्थ्यबीमा अभियानमा अनिवार्य जोडिनुपर्छ-स्वास्थ्यमन्त्री थापा



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले सबै नागरिकलाई अनिवार्य स्वास्थ्यबीमा अभियानमा सहभागी हुन आग्रह गरेका छन् । उनले स्वास्थ्यबीमाको धेरै फाइदा रहेको र यसले नागरिकलाई आर्थिक तथा स्वास्थ्यसुरक्षामा सहयोग पुग्ने बताए ।

स्वास्थ्य मन्त्रालय, जनस्वास्थ्य कार्यालय ललितपुरको आयोजना तथा बागमती गाउँपालिकाको समन्वयमा शुक्रबारदेखि प्युटारमा सुरु भएको दुईदिने बृहत् नि:शुल्क स्वास्थ्य शिविर तथा जनस्वास्थ्य प्रवर्द्धन अभियानको उद्घाटन गर्दै मन्त्री थापाले स्वास्थ्यबीमाको महत्वमाथि प्रकाश पारे । मन्त्री थापाले दुर्गमक्षेत्रमा स्वास्थ्यसेवा पुऱ्याउन मन्त्रालयले विशेष पहल गरिरहेको जानकारी दिए ।

मन्त्री थापाका अनुसार, दुर्गमक्षेत्रमा स्वास्थ्यसेवाको अभावमा बसाइँसराइ भइरहेकाले यो समस्यालाई समाधान गर्न सरकारले योजनाबद्धरुपमा काम गरिरहेको छ । 'रोगका कारण हिजो देखेको मान्छे आज नहुने परिस्थिति हटाउन सरकार लागिपरेको छ,' उनले भने । शिविरमा गरिएको आँखाजाँचमा मोतियाबिन्दु देखिएका बिरामीलाई नि:शुल्क अपरेशनलगायत अन्य उपचार प्रदान गरिने मन्त्री थापाले बताए । ग्रामीण स्वास्थ्य संस्थामा टेलिमेडिसिनमार्फत् सेवा विस्तार गर्ने योजना उनले प्रस्तुत गरे ।

विद्यालयमा स्वास्थ्य समस्याको सहज व्यवस्थापनका लागि माध्यमिक विद्यालयमा नर्सको व्यवस्था गरिएको पनि उनले जानकारी दिए । उनले मानसिक स्वास्थ्य समस्यालाई सम्बोधन गर्न मनोचिकित्सा सेवा विस्तार गरिरहेको बताए । मन्त्री थापाले नसर्ने रोगको रोकथामका लागि योग र ध्यानको अभ्यास गर्नुपर्नेमा जोड दिए । आफ्नो स्वास्थ्य नियमितरुपमा जाँच गर्न नागरिकलाई आग्रह गर्दै उनले रोग लाग्नुअघि नै सचेत हुनुको महत्व प्रस्ट पारे ।

बागमती गाउँपालिका अध्यक्ष बीरबहादुर लोप्चनको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा पूर्वसदस्य चेतनाथ सञ्जेल, बज्रबाराही अस्पतालका अध्यक्ष रामहरि घिमिरे, स्वास्थ्य मन्त्रालयका महाशाखाप्रमुख सागर प्रसाद घिमिरे, जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. भुवन पौडेल र सिन्धुपाल्चोकका प्रमुख दुर्गा बजगाईलगायतको उपस्थिति थियो । कार्यक्रममा मन्त्री थापाले ग्रामीण अल्ट्रासाउन्ड मेसिन हस्तान्तरण गरेका थिए । स्वास्थ्यसेवामा पहुँच सुधार्न सरकारको प्रयास जारी रहेको सन्देश कार्यक्रममा उपस्थित सरोकारवालाले समेत व्यक्त गरे ।

## उपमहानगरमा दैनिक तीन करोड ७० लिटर खानेपानी आपूर्ती

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडा खानेपानी व्यावस्थापन बोर्डको बर्तमान अवस्थाबारे अन्र्तक्रिया गरिएको छ । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, बागमती प्रदेशको खानेपानी तथा सिंचाइ मन्त्रालयका सचिव मोहनकुमार शाक्य, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलवाल, वडाअध्यक्षहरुलगायत बिभिन्न क्षेत्रका सरकोकारवालाबीच अन्तरक्रिया गरिएको हो ।

बोर्डले हेटौंडा उप-महानगरको १ देखि १९ वडामध्ये वडा नं. २, ४, ५, ६, ७, ८, ९, १०, १४ पुरै र वडा नं. १, ३, १५, १६, १७, १८ र १९ का आंशिक क्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीलाई दैनिक सर दर ३ करोड ७० लाख लिटर खानेपानी उत्पादन गरी २८ हजार १ सय १२ वटा धारामार्फत् ८ घण्टा पानी वितरण गरिरहेको बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिए । हेटौंडाको बजारक्षेत्रमा २४ सै घण्टा पानी आपूर्ति गर्न बोर्ड सफल भएको बताइएको छ ।

बोर्डमा हालसम्म १६ वटा उपभोक्ता समिति हस्तान्तरण भइसकेको र नगरक्षेत्रको वडा नं. ११, १२ र १३ मा उपभोक्ता समितिबाट खानेपानी वितरण हुँदै आएको छ ।

हेटौंडा उपमहानगरले नगरबासीलाई सहयोग पुऱ्याउने उद्देश्यले २०७९ साल भदौदेखि न्युनतम १० हजार लिटर पानी महशुल नि:शुल्क गर्दै आएको छ । मासिक १० हजार लिटर मात्र खानेपानी खपत गर्ने उपभोक्ता लाभान्वित भएका छन् । बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रभित्र १५ वटा डिपट्यूवेल निर्माण गरी पानी उत्पादन गरेको छ ।

मकवानपुरगढीमा ३ वटा, भीमफेदीमा २ र हेटौंडा-९ मा १ गरी ६ थानमा समवेल निर्माण आफ्नै स्रोतबाट गरेको अध्यक्ष बिष्टले जानकारी दिए । करिब ४ सय किलोमिटर पाइपलाइन विस्तार गरेको छ । संघीय सरकार खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगरपालिका र बोर्डको सहलगानीमा करिब १५ करोडको लागतमा ओभरहेड पानीट्यांकी एक, भूमिगत पानीट्यांकी ३ वटा, डिपबोरिङ ४ वटा, पाइपलाइन विस्तार र विद्युतिकरणको गरिएको अध्यक्ष विष्टले बताए ।

संघीय सरकारको करिब ८ करोडको लगानीमा हेटौंडा-१९ बस्तीपुरमा डिपबोरिङ, ओभरहेड पानीट्यांकी, कार्यालय भवन तथा पालेघर निर्माण, मेन तथा शाखा पाइपलाइन विस्तार र विद्युतिकरणको कार्यअर्नगत अधुरो रहेको योजना सम्पन्न गर्न बोर्डबाट करिब ३ करोड रुपैयाँ लगानी गरी योजना सम्पन्न गरिएको अध्यक्ष बिष्टले जानकारी दिएका छन् । बागमती प्रदेश सरकारसँगको सहलगानीमा हेटौंडा-१९ बस्तीपुर मा समवेल निर्माण, हेटौंडा-१६ मा डिपट्यूवेल, त्रिशुलेमा ५ लाख लिटर क्षमताको भूमिगत पानी ट्यांकी निर्माणकार्य सम्पन्न गरिएको बताइएको छ ।

## शिक्षा विधेयक राष्ट्रिय महत्वको विधेयक हो: बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ नेकपा(एमाले)का मुख्य सचेतक महेश बर्तौलाले शिक्षा विधेयक राष्ट्रिय महत्वको विधेयक भएको बताएका छन् । हेटौंडामा जारी नेपाल राष्ट्रिय शिक्षक संगठनको १४ औं जिल्ला अधिबेशनमा बोल्दै सांसद बर्तौलाले यस्तो बताएका हुन् ।

'हरेक शिक्षकमा अधिकारसँगसँगै जवाफदेहितासँगसँगै होस् । एक शिक्षकले विद्यालय जान घरबाट निस्कदै गर्दा आफूसँगै आफ्ना नानीबाबू विद्यालय लैजान सक्ने वातावरण बनाउनुपर्ने छ' उनले भने ।

शिक्षकहरु स्थानीय तहमा रहन खोजिरहेका छैनन् भन्ने विषय पनि बाहिर उठेको भन्दै उनले टिप्पणी गरे, 'शिक्षकहरु संघीयता विरोधी होइनन् कि स्थानीय तहको नेतृत्वले यातना दिने मानसिकताको कारणले गर्दा शिक्षक स्थानीय तहअन्तर्गत बस्न खोजिरहेका छैनन् ।

केही स्थानीय तहमा शिक्षकलाई संगठनमा संगठित भएकै कारण यताबाट उता र उताबाट अर्कोमा सरुवा गराई रहका छन् । 'संविधानले निर्दिष्ट गरेका व्यवस्था उपयुक्त छन् तर, नेतृत्वको कार्यशैलीका कारण यस्तो भइरहेको छ । यसलाइ पनि विद्यालय शिक्षा विधेयकले समेट्नु पर्नेछ ।'

हिजो सिङ्गो व्यवस्था परिवर्तनको आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गर्ने संगठनहरु अहिले पनि उत्तिकै ससक्त हुन जरुरी भएको बताए । आगामी हाउसबाट नै विद्यालय शिक्षा विधेयक पास गराउने तयारी रहेको जनाएका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# मरेपछि फेसबुक, गुगल अकाउन्ट के हुन्छ ?



हाम्रो जीवनको एउटा ठूलो हिस्सा अहिले डिजिटल बनिसकेको छ । फेसबुकमा शेयर गरिएका तस्वीर हुन् वा इन्स्टाग्रामका रीलस, अनि ट्वीटरका बहस हुन् वा ह्वाट्सएपका मेसेज यी सबै हाम्रा डिजिटल संसारका हिस्सा बनेका छन् । तर हामीले चलाउने यी तमाम सोसल मिडियाका अकाउन्टहरु हाम्रो मृत्युपछि के होलान् ?

सायद हामीले यसका बारेमा सोचेका छैनौं होला । हाम्रा सोसल मिडिया अकाउन्टहरु हाम्रो जीवनको अन्त्यसँगै समाप्त हुन्छन् कि ती अनगिन्ती सम्झनाको रुपमा कायमै रहन्छन् ?

**मानिसको मृत्युपछि गुगल अकाउन्ट के हुन्छ ?**

गुगल वा कुनैपनि अन्य कम्पनीहरुसँग यस्तो कुनै टूल छैन जसबाट कोही मानिस मरेपछि तुरुन्तै जानकारी हासिल हुन सकोस् । यदि कुनै गुगल अकाउन्ट लामो समयसम्म सक्रिय भएन वा कुनै अकाउन्टका माध्यमबाट गुगल म्याप, जिमेल, गुगल ड्राइभ वा सर्च आदिको प्रयोग लामो समयसम्म भएन भने यस्तो अकाउन्टलाई गुगलले निस्क्रिय अकाउन्टको सूचीमा राखिदिन्छ ।

यस्तोमा गुगलले उक्त गुगल अकाउन्टवालाको मृत्यु भैसकेको ठान्दछ । तथापि गुगलमा एउटा यस्तो सुविधा पनि छ जसबाट प्रयोगकर्ताले आफ्नो मृत्युपछि आफ्नो गुगल अकाउन्टका विभिन्न डिजिटल डेटामाथि कसैलाई हक सुम्पिन सक्दछन् ।

यसका लागि गुगलसँग एएटा फिचर छ । जसको माध्यमबाट तपाईंले आफ्नु मरेसँगै आफ्ना डेटा कसले सम्हाल्ने हो वा आफ्नो जिमेल लगायतका अकाउन्ट कसले चलाउन पाउने हो ? भन्ने कुरा तय गर्न सक्नुहुनछ । गुगलको यस फिचरलाई myaccount.google.com/in-active गएर प्रयोग गर्न सकिन्छ ।

यसमा अधिकतम १८ महिनाको समय तय गर्न सकिन्छ । यस्तोमा यदि १८ महिनासम्म कुनै गुगल अकाउन्ट खोलिएन भने प्रयोगकर्ताले myaccount.google.com/inactive का माध्यमबाट जोसँग पासवर्ड शेयर गरिएको हुन्छ उसले तपाईंको गुगल अकाउन्टमा लगइन गर्न सक्दछ ।

उक्त लिंकलाई खोलेर तपाईंले उक्त व्यक्तिको इमेल आइडी तथा फोन नम्बर आदि हाल्नुपर्ने हुन्छ जसलाई तपाईंले आफ्नो अकाउन्ट सुम्पिन चाहनुहुन्छ । इच्छापत्रको रुपमा गुगलले १० जना मानिसको नाम जोड्ने विकल्प प्रदान गर्दछ ।

**मृत्युपछि फेसबुक अकाउन्ट के हुन्छ ?**

फेसबुकमा पनि यस्तै खालको एउटा फिचर छ, जसलाई भिनबअथ अयलतबअत भनिन्छ । उक्त फिचरका माध्यमबाट तपाईंले विरासतको रुपमा आफ्नो फेसबुक अकाउन्टलाई आफ्ना परिवारका सदस्य वा कुनै मित्रलाई सुम्पिन सक्नुहुनछ ।

तपाईले छानेको उक्त व्यक्तिले तपाईंको मृत्युपछि पनि तपाईको फेसबुक अकाउन्ट व्यवस्थापन गर्न पाउँछ । यद्यपि त्यस्तो व्यक्तिले केवल प्रोफाइल तस्वीर, कभर फोटो अपडेट गर्ने तथा साथीका फ्रेण्ड रिक्वेस्टको जवाफ दिनेसम्मको काम मात्रै गर्न सक्दछ । उसले वास्तविक अकाउन्ट धारकका प्राइभेट मेसेज भने पढ्न पाउँदैन ।

**यौन स्वास्थ्य**

# यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन : मनोविद् करुणा कुँवर



हिजोआज शहरी भेगका मात्रै होइन ग्रामीण भेगका बालबालिका समेत इन्टरनेटको सोझो पहुँचमा छन् । भिडियो गेमको लत होस् या त अनलाइन अध्ययनको कारणले बालबालिकाहरुमा इन्टरनेटको पहुँच बढाएको छ । इन्टरनेटको असीमित पहुँचले जति सकारात्मक ज्ञानको पहुँच बढाएको छ, त्यति नै असर पनि पुऱ्याएको मनोविद्हरु बताउँछन् ।

बालबच्चाहरुले इन्टरनेटमा यौनजन्य सामग्रीको धेरै खोजी गर्ने चलन बढेको विभिन्न अध्ययनहरुले देखाएको छ । यसले बालबालिकाको मस्तिष्कमा गम्भीर असर पर्ने गरेको मनोविद्हरु बताउँछन् । मनोविद् करुणा कुँवरलाई हामीले यौनजन्य सामग्रीमा बालबालिकाको सोझो पहुँच हुँदा यसले समाजमा कस्तो असर गर्ने गर्छ ? भनेर सोधेका थियौं ।

**अहिलेका बालबच्चामा इन्टरनेट लगायतका माध्यममा यौनजन्य सामग्रीको सोझो पहुँच पुगेको छ । यसले उनीहरुमा कस्तो प्रभाव पारेको होला ?**

यो सरसर्ती हेर्दा सामान्य देखिएपनि जटिल विषय हो । इन्टरनेट आफैंले कहिल्यै पनि नराम्रो गर्दैन । तर विभिन्न कारणले इन्टरनेटमा खोजिने अनावश्यक विषयले बच्चाको मस्तिष्कमा नकारात्मक असर पुऱ्याउने गर्छ । यसले बालबच्चालाई मात्रै नभएर सिंगो समाजलाई नै गम्भीर असर गर्ने गरेको छ ।

इन्टरनेटको प्रयोग ज्ञान प्राप्तिको लागि गर्दासम्म ठीक छ, मनोरञ्जनको लागि प्रयोग गर्दासम्म पनि ठीक छ । तर यसबाट बाहिर गएर जब बच्चाहरु यौनजन्य सामग्रीको खोजीमा लाग्छन्, त्यसपछि यो उनीहरुका लागि हानिकारक बन्न पुग्छ । इन्टरनेटको दुर्व्यसनीमा लागेका बच्चाको दिमागमा कोकिनले जस्तै असर गर्ने गरेको भेटिएको छ ।

यस्तो दुर्व्यसनीमा लागेकाहरु एकअर्काप्रति बढी आक्रामक देखिने गर्छन् । त्यसैले इन्टरनेट त्यतिबेलासम्म प्रयोग गर्नु राम्रो हुन्छ, जतिबेलासम्म त्यो हाम्रो लागि सहयोगी बन्छ । यस्तो दुर्व्यसनीले बच्चाहरुमा शारीरिक रुपमा चाहिनेभन्दा धेरै तौल बढ्ने, भावनात्मक रुपमा कमजोर हुने जस्ता समस्याहरु निम्तिने गर्छ ।

**उनीहरुले यस्ता माध्यमबाट यौनसम्बन्धी जानकारी लिने वा यौन आशक्ति बढ्ने गरेको त छैन ?**

यसबारेमा व्यवस्थित अध्ययन त भएको छैन । हरेक व्यक्तिका इच्छा फरक हुन्छन् । कोहीको इच्छा नयाँ कुरा खोज्नेमा हुन्छ, त कसैको यौन सम्बन्धी जानकारी खोज्ने बानी हुन्छ । यस्ता सामग्रीमा चासो बढ्दै जाँदा यसले दुर्व्यसनी पनि निम्त्याउँछ । त्यो खराब बानीले मान्छेमा आशक्ति बढाउँदै लैजान्छ । एकातिर खानपान र जलवायु परिवर्तनका कारण बच्चाहरुमा चाँडै यौन परिपक्वता बढिरहेको छ । अर्कोतिर उनीहरू सोझै यौनजन्य सामग्रीको पहुँचमा छन् । यसले उनीहरुमा यौन विकृतिको जोखिम कति बढाउला ?

यसमा जलवायु परिवर्तनको असर कति छ भन्ने त म भन्न सक्दिन । तर, प्राकृतिक रूपमा समयसँगै मान्छे परिपक्व हुँदै जानु स्वभाविक कुरा हो । आधुनिक प्रविधिको कारणले मान्छेमा नयाँ विधि, शैली र ढाँचाको विकास हुन्छ । यसले राम्रो मात्रै गर्दैन, विकृति पनि निम्त्याउँछ । जसको असर साइबर बुलिङ, यौन हिंसाजस्ता घटनाहरुबाट देख्ने गरिन्छ ।

**अहिलेको अवस्थामा बालबच्चालाई यौन शिक्षाको आवश्यकता कति छ ?**

अहिलेको समयमा बालबालिकामा यौन शिक्षाको आवश्यकता बढ्दै गएको छ । यौन शिक्षा भन्नेबित्तिकै यौन जीवन कस्तो हुनुपर्छ ? मान्छे यौनको लागि परिपक्व हुँदै गर्दा आइपर्ने झमेलाहरु के-कस्ता हुन्छन् ? यस्ता समस्याबाट बच्न के-कस्ता उपाय अपनाउन सकिन्छ ? भन्ने बारेमा आफ्ना बालबालिकालाई समयमा नै सिकाउनु जरुरी छ ।

**कुन उमेरमा यौन शिक्षा दिनु उचित हुन्छ ?**

जब मान्छे यौनको लागि परिपक्व बन्न थाल्छ । त्यसपछि बिस्तारै मान्छेमा यससम्बन्धी शिक्षाको आवश्यकता पर्छ । यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन । यसमा प्रजनन्, मान्छेमा हुने यौन समस्याजस्ता विषय समेट्ने गरिन्छ ।

**बालबच्चासँग कसरी यौनको कुरा गर्ने ?**

भनिन्छ, सामान्यतया छोराछोरीहरु किशोरावस्थामा पुगेपछि आमाले छोरीसँग र बाबुले छोरासँग साथीको जस्तै व्यवहार गर्नुपर्छ । यौनको विषयमा छोराछोरीसँग कसरी प्रस्तुत हुने भन्ने कुरा आम समस्याको विषय हो । यौनको कुरा गर्दा लिंगअनुसार फरक व्यवहार हुन्छ । सामान्यतया ११-१२ वर्षको उमेरमा मान्छेमा धेरै परिवर्तन हुन्छ । त्यसैले उनीहरुसँग साथीको जस्तै व्यवहार गरेपछि उनीहरुले पनि आफ्नो समस्या सुनाउँछन् र त्यही अनुसार समाधानको उपाय खोजी गर्न सकिन्छ ।

**बालबच्चालाई यौनका कुन-कुन पक्षको जानकारी हुनु जरुरी छ ?**

विशेषगरी यौन दुर्व्यवहार के हो ? यौन स्वास्थ्यमा ध्यान दिनुपर्ने कुरा के-के हुन् ? मान्छे यौनमा कसरी परिपक्व बन्छ ? यौनसम्बन्धी कानूनी पाटो के-के हुन्छ ? छोरालाई महिलाप्रति कसरी जिम्मेवार बन्ने भन्ने कुरा सिकाउनु जरुरी छ ।

**साहित्य**

हास्यव्यंग्य

# भुस्याहा कुकुरको आत्मबृतान्त



✍ विश्व विनोद

हो मलाई यो टोलमा भुस्याहा कुकुर भनेर निकै हेला गर्छन् ।अझ ढुंगाले हानेर घाईते बनाएको पनि थिए । इमान्दार हुनुको कारण बिभिन्न महलहुँदै यो सडकसम्मको मेरो यात्रा निकै रोचक हुनसक्छ । गन्ध र सुगन्ध, इमानदारिता र स्वाभिमानको बीचमा रमल्लिएर म यो सडकको चिसो ठन्डीमा कठ्यांङिग्ररहेको छु भने बर्षातको बेला रुझेर निथ्रुक्क हुन्छु । कुरो बुझेर निथ्रुक्क हुनु र पानीमा भिजेर निथ्रुक्क हुनुका दुई फरक परिबेश रहने रहेछन् ।

म कता जन्मिए थाहा त भएन तर सानोको याद हुँदा म यो टोलको त्यो ठूलो महलमा हुर्केको याद भने छ । अनि हामीलाई इमान्दार हुनुपर्छ , बफादार हुनु पर्छ भनेर मेरी आमाले निकै सुनाउँथिन् । यो टोलका धनाढ्य साहुको घरमा मेरो बाल्यकाल बित्दै थियो । एक दिन साहुको घरमा एक जना किशोरीले साँझको बेला साहुनी नभएको बेला सुटुक्क आईन् । मैले चोर भन्ठानेर ति युवतीलाई कराउँदै झम्टिएँ । उत्ति नै बेला ठूलो हो हल्लाले घरका सबै सदस्य मुलढोकामै आईपुगे, त्यतिन्जेल सम्म ति युवती डरले होला बेहोस भै सकेकी थिईन् । पछि थाहा लाग्यो, उ त घरको मालिककी गर्लफ्रेण्ड पो रहिछिन् । उन्का छोरा छोरीले रंगेहात पक्रन नसकेको कुरा मैले समात्दा मैले घरमा वाह वाह कमाए तर एक दिन छोरा छोरी नभएको बेला ति मालिकले मलाई आफ्नो गर्लफ्रेण्डलाई सुटुक्क आउन नदिएको झोकमा यसरी भकुरे कि मलाई सात दिन सम्म उठ्न गाह्रो भयो । त्यसपछि मैले त्यो घर छाडे ।

इमान्दारिता र बफादारिताको दोसाँधमा उभिएर म भौतारिई रहँदा मैले एक जना नेता ज्यूको घरमा बस्न पुगेछु , मलाई यो थाहा हुने कुरा त थिएन तर उन्लाई घरमा आउने पाहुनाले नेताज्यु नमस्कार भनेको शब्द सुन्दा उनी नेताज्यु रहेछन् भन्ने थाहा लाग्यो । उन्को घरमा निकै मानिसको आउजाउ हुन्थ्यो । एक दिन साँझको बेला थियो, केही मानिसहरु अस्वभाविक ढंगबाट घरको मुलगेटबाट भित्र पस्न लाग्दै थिए । हातमा सुटकेश पनि बोकेका थिए, बन्दुक पनि थियो । मलाई लाग्यो नेताज्युको घरमा चोर आए, अनि बेस्सरी कराउन थालेँ । मेरो भुकाईले नजिकै रहेको प्रहरीको चेकपोष्ट बाट एक हुल प्रहरी नेताज्युको घरमा छिरे, मैले ति सुटकेशवालालाई दाँतले पक्रेर च्याप्प पारेको थिएँ । माथिल्लो तलबाट नेताज्यु झर्नु र बाहिर बाट प्रहरी आउनु एकै चोटी भयो । प्रहरीले मलाई धाप मारेर स्याबासी दियो । खै के भो नेताज्यु र ति सुटकेशवालालाई प्रहरीले समातेर लग्यो , पछि मालिक्नीले मलाई निकै भकुरिन रिसको झोकमा । वास्तवमा नेताज्युलाई ठेक्का पट्टा मिलाई दिएबापत ठेकेदारका अंगरक्षकले केही रकम दिन आएका रहेछन् ति सुटकेशवाला अनि प्रहरीको सुचिमा लामो समय देखि फरार अभियुक्तलाई मैले समातेको रहेछु । मालिक्नीको कुटाई खाएपछि मैले त्यो घर पनि छाडे ।

यसपछि म एक जना महिलाको घरमा शरण लिन पुगे । तिन्का श्रीमान बैदेशिक रोजगारीको शिलशिलामा बिदेश गएका रहेछन् । उन्को साथमा सानो धुतमुने छोरा थियो सायद आठ नौ महिनाको । केही समय बसेपछि एक दिन दिउँसोको कुरा थियो, घरको नजिकै इनारको नजिक उन्को छोरा खेल्दै थियो, म सिँयालमा बसेर हेरिरहेको थिएँ, मालिक्नी घर भित्र एक जना युवक सँग गफिदै थिइन क्यार । अचानक उन्को छोरा इनार नजिकै रहेको पानिको सानो खाडलमा खस्न पुग्यो, म जोड जोडले कराएँ , गाउलेहरु हतार हतार आए मेरो अस्वभाविक चिच्याहट सुनेर । तर अहँ मालिक्निले भित्र गीत बजाएको हुँदा मैले कराएको सुनिनछिन् क्यार, गाउँलेहरुले पानीमा डुबेको बालकलाई बाहिर निकाले , बालक जिउँदो नै थियो । उनिहरुले मालिक्नीले गित सुनेको कोठा ढक्ढक्याए, अनि हतारमा ढोका खोलिँदा भित्र भएको युवक र मालिक्नी नाङ्गै थिए । गाउँलेहरुले मिटिङ बसेर ति युवक युवतीलाई निकै हपारे । गाउँले गएपछि मालिक्नीले मलाई भुकेको अभियोगमा निकै कुटिन् । मलाई त्यो घर बस्न मन लागेन अनि त्यो घर पनि छाडे ।

भुस्याहा कुकुर भनेर मलाई निकै नै सम्बोधन गरिन्थ्यो तर घर छाड्नु र नयाँ ठाउँमा छिटै घुलमिल हुन सक्नु मेरो खुबि थियो । म निकै छिटो समयमा अर्को ठाउँमा अड्डा जमाउँथे तर मेरो कर्म नै यस्तो हो कि कुन्नि, एक पछि अर्को घर छाड्दै हिड्नु पर्ने भएको थियो । अब त त्यो ठाउँ छाडेर निकै पर गएर बस्ने बिचार आए पछि म निकै नै पर तीन चार दिन दौडेर यौटा गुम्बामा बास बस्न पुगे । मलाई लाग्थ्यो , यहाँ त शान्त अनि धार्मिक स्वभावका मानिसहरु छन् अनि मैले यो ठाउँबाट बाहिर निकाला हुनु पर्दैन । समय बित्दै गयो , करिब दुई तिन महिना त्यो गुम्बामा गुजारे पछि फेरी मेरो मेरो ठाउँ निकालाको श्रृंखला शुरु भयो । कुरा के भयो भने नि, मैले गुम्बाबाट निकै पर एक ठाउँमा रगतको गन्ध पत्तो पाएँ, गुम्बामा मासु नखाएको भएर होला, त्यता तिरको रगतको गन्धले मलाई परैबाट आकर्षित गर्यो । म दौडेर गएर माटो खोतल्दै थिए, भित्र मानिसको लाश पो देखे, अनि ईमान्दारिता देखाउनु पर्छ भनेर लाशको हातको टुक्रा च्यापेर म गुम्बा सम्म आएँ, त्यहाँ सबै मानिसको अगाडी मैले ल्याएको लाशको हातको टुक्राले सन्नाटा छायो अनि एक छिन पछि कोलाहल मच्चायो । आखिरमा त्यहाँ गुम्बामा बसेको आनिको लाश रहेछ त्यही गुम्बाको धर्म गुरुले बलत्कार गरेर त्यहाँ गाडेका रहेछन् । मलाई गाउँलेले लाश ल्याएकोमा लखेटे । म गाउँको झाडीमा लुकेर ज्यान जोगाएँ ।

यसपछि मैले सोचे, अब कुनै बिधवाको घरमा अड्डा जमाउनु पर्छ जहाँ मलाई माया पनि पाउँछु, नराम्रा क्रियाकलाप पनि हुन्न । मैले सोचेजस्तै एक जना एकल महिलाको घर भेट्टाएँ । त्यहाँ बसेको पाँच छ महिना पछि एक दिन गाउँमा बाँदरहरु आएकोले मैले बाँदर धपाउने कर्तब्य सम्झे, गाउँबाट पर बाँदर धपाएर घर फर्कदा घर भित्र ति बिधवा ऐया, ऐया भन्दै थिईन्, मलाई लाग्यो, उन्लाई कसैले केही गर्दैछ , म जोड जोडले कराउन थाले । मेरो अस्वभाविक भुकाई सुनेर गाउँलेहरु घरको आगनमा जम्मा भए अनि घरको ढोका फोडेर भित्र जाँदा त दुबै जना रतिक्रियामा मस्त रहेछन् । मलाई यो बेला कसैले हिर्काउन सक्छ भनेर त्यो घर छाडेर भागिहाले ।

अब यसपछि मैले सोचे, मानिस कतै पनि अछुतो छैन, केही न केही कर्तुत गरिनै रहन्छ, तर कतै त बस्नु नै पर्यो, अनि दाम्रिएको पेटमा दुई गास आउने आश त गर्नै पर्यो । मेरो बसाँई एक जना पत्रकारकोमा हुने भयो संयोगले । उनी स्वाभिमान, ईमान्दारिताको कुरा निकै उचाल्थे । हरेकलाई यहि नै भन्थे । त्यहाँ बसेको केही समय पछि एक दिन मैले चिनेको मानिसको गन्ध आयो, मैले ढोकाबाट बाहिर नियालेर हेर्दा थाहा भयो, मैले पहिले घुस खान नदिएको अनि मेरो भुकाईबाट जेल चलान भएका नेताज्यु पो ति पत्रकारको घरमा आउँदै रहेछन् । सायद नेताज्यूले मलाई चिनेनछन् तर म ति नेताज्यूलाई भुकेर घर भित्र आउनै दिईन । पछि ति पत्रकारले मलाई बेसरी कुटे नेताज्यूलाई आउन नदिएकोमा । आखिर रातीमा पत्रकारका श्रीमान श्रीमतिको कुरा सुन्दा थाहा लाग्यो, त्यो नेता जेलबाट छुटेको पनि धेरै भएको रहेछ अनि पत्रकारलाई गलत समाचार नछाप्न भनेर केही रकम दिन आउने क्रममा मैले भुकेर लखेटिदिएको रहेछु । मलाई मेरो जीवन असुरक्षित लागेर त्यो घर पनि छाडे ।

अभागि खप्पर जता गए पनि ठक्कर भने झैं भएको थियो मलाई । म अब जतातै बिभिन्न अपराध र कुरिति देखेर सडकमा आएँ, यसो यो मानिस ठिक हो कि जस्तो लाग्यो, उ केही न केही रुपमा बेठीक देखिन्छ । यसरी कोही पनि यस्तो सग्लो मानिस मैले पाएको छैन जस्को घरमा म निर्धक्कले बस्न सकुँ । तर अहँ त्यही आशमा मेरो जिन्दगी बित्न लागि सक्यो । कतै पनि त्यस्ता, गुणी मानिसको घर भेट्टाएको छैन । जब सम्म त्यस्ता मानिस भेटिदैनन्, म भुस्याहा नै बन्ने भएँ । आखिर गुणि र असल मानिस कसरी चिन्ने होला है ? तारेमाम् जदौ ।

# म त्यही नारी हुँ

✍ शिखा ज्ञवाली

हो म त्यही नारी हुँ,
जुन तिम्रो मैलो खुट्टाको पानी
स्वच्छ जलको रूपमा घुटुक्क निलेकी छु ।
आफ्ना रहर र इच्छालाई
एउटा कोठामा कैद गरी
तिम्रो पेट भरी
ठूलो अफिसर बनाएकी छु।
एक चिम्टी सिन्दुर को भरमा
आमा बुवा, इष्ट मित्र सबै त्यागेकी छु
जसले नौं महिना पेटमा राखी
दिसा, पिसाब सम्हाल्दै आइन,
तिनैलाई भेट्न आज हात जोडी
अनुमती लिएकी छु ।


हो म त्यही नारी हुँ
जुन तिम्रो रुष्ठ बोली पनि
बर्मा बाणीका रूपमा स्मरण गरेकी छु।
कहिले अपुग नपुग पकाउँदा
आफू भोकै सुती तिम्रो पेट भरेकी छु,
सधैं साथ निभाउने वाचा गरेकी म
आज तिम्रो काम मा बोल्दा ,
घरकी पोथी भनेर चिनिएकी छु।
बिहे अघि सानु र जानु को
सम्बोधन पाएकी म
आहिले कुकुर्नी र अलक्षिणीको रूपमा
बुझिएकी छु ।

हो म त्यही नारी हुँ
जुन तिम्रो कठोर ब्यवहार पनि
पतिव्रता इस्त्री को रूपमा सहेकी छु।
सधैं हाँसो र खुसीमा काट्ने मेरा दिन
आज चुलो र चौको मा झेलिएकी छु।
कालो गाजल लगाउँदा
राम्रो देखिने आँखा
रुँदा कसैले थाहा पाउँछन् कि भनी
बग्ने गाजल लगाउन छोडेकी छु।

हो म त्यही नारी हुँ
जुन तिम्रो लामो आयुको लागि
निर्जल व्रत बसेकी छु
कसैले तिमीलाई नराम्रो भन्दा,
सहन नसकी कान थुनी बसेकी छु
धेरै खुसी खोजी तिम्रो समीपमा
आधार चाएकी म
माया भन्दा धेरै हेलिएकी छु ।

हो म त्यही नारी हुँ
जुन बिल्कुलै फेरिएकी छु ।।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# दलीय ट्रेड युनियनको विपक्षमा लोकसेवा, राजनीतिमा लागे जागीर जाने

काठमाडौं/लोकसेवा आयोगले संघीय निजामती सेवामा एउटा मात्र राष्ट्रिय स्तरको ट्रेड युनियन रहने व्यवस्थाका लागि सुझाएको छ । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा लिखित सुझाव दिँदै आयोगले कर्मचारी राजनीतिमा लाग्न नपाउने कानुनी व्यवस्था रहेको पनि स्मरण गरेको छ ।

संघीय निजामती सेवा सम्बन्धी विधेयक प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ । समितिले लोक सेवा आयोगसँग यसअघि सुझाव मागेको थियो । त्यसआधारमा आयोगले राज्य व्यवस्था समितिमा लिखित सुझाव नै पठाएको छ । राज्य व्यवस्था समितिले विधेयकमा संशोधन राख्ने सांसदहरूको प्रस्तावहरूमा समेत लोक सेवा आयोगको सुझाव मागेको थियो । प्रत्येक सांसदको प्रस्तावमा लोक सेवा आयोगले ती प्रत्येक संशोधन प्रस्तावउपर आफ्नो एक/एक गरी राय दिएको हो ।

'एक मात्र राष्ट्रिय स्तरको आधिकारीक ट्रेड युनियन राख्ने व्यवस्था गर्नुपर्ने' ट्रेड युनियनबारे लोक सेवा आयोगको सुझाव छ । प्रस्तावित संघीय निजामती सेवामा ट्रेड युनियन रहने सम्बन्धी व्यवस्था प्रस्तावित विधेयकको दफा १३१ मा छ । जसले हाल अभ्यासमा भएजस्तै राष्ट्रियस्तरका ट्रेड युनियनहरू रहने व्यवस्थालाई निरन्तरता दिएको छ ।

राष्ट्रियस्तरका ट्रेड युनियनहरू राजनीतिक दल निकटका हुन् । राजनीतिक दल निकटका दलीय ट्रेड युनियन आवश्यक छ वा छैन भनेर राज्य व्यवस्था समितिमै छलफल चलिरहेका बेला लोक सेवा आयोगले एक मात्र राष्ट्रिय स्तरको आधिकारीक ट्रेड युनियन राख्ने व्यवस्था गर्नुपर्ने सुझाव दिएको हो । २०६४ सालमा निजामती ऐनको दोस्रो संधोधनपछि ट्रेड युनियनले निजामती ऐनमै स्थान पाएको थियो । ऐनको दोस्रो संशोधनलगत्तै विभिन्न आठ वटा राष्ट्रियस्तरका ट्रेड युनियन श्रम विभागमा दर्ता भएका थिए ।




त्यतिबेलादेखि नै राजनीतिक दलसँग आबद्ध रहने गरी ट्रेड युनियन रहन हुने वा नहुनेबारे बहस छ । निजामती सेवा ऐन संशोधन हुन लागेका बेला यो विषय उठ्दै आएको छ । २०७५ सालमा प्रतिनिधिसभामा दर्ता भएको निजामती सेवा विधेयकमाथिको छलफलमा पनि यो विषय उठेको थियो । तर, उक्त विधेयक २०७८ साल फागुनमा फिर्ता भयो । प्रतिनिधिसभाको चालु अधिवेशनमा ९ महिना अगाडि (२१ फागुन २०८० मा) दर्ता भएर अगाडि बढेको प्रस्तावित विधेयकप्रतिको छलफलमा फेरि यो विषय बहसमा छ ।

लोक सेवा आयोगले निजामतीमा दलीय ट्रेड युनियन हटाउने सुझावका साथसाथै कर्मचारी राजनीतिमा लाग्न नपाउने व्यवस्था समेत स्मरण गरेको छ । सांसद रणेन्द्र बरालीले प्रस्तावित विधेयकको दफा १३१ मै लेख्ने गरी राष्ट्रियस्तरको एक मात्र ट्रेड युनियनमा कुनै दलको प्रभाव नहुने कानुनी व्यवस्थाको प्रस्ताव गरेका छन् । 'ट्रेड युनियनको गतिविधिहरूमा कुनै दलको प्रभाव, भागबन्डा लगायत त्यस किसिमका कुनै पनि गतिविधि नहुने' बरालीको प्रस्ताव छ । सांसद बरालीको यस्तो प्रस्तावमा लोक सेवा आयोगले स्मरण गरेको छ, 'राजनीतिमा भाग लिन नहुने व्यवस्थाले समेटेको' ।

कर्मचारी राजनीतिक गतिविधिमा संलग्न हुन नपाउने सम्बन्धी व्यवस्था छ । संघीय निजामती सेवा सञ्चालनका आधार भूत सिद्धान्तमै यससम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'संघीय निजामती सेवा अविछिन्न, गैरराजनीतिक र स्थायी सेवाको रूपमा विकास हुने ।'

संघीय निजामती सेवा भ्रष्टाचारमुक्त, व्यावसायिक, जनउत्तरदायी, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, स्वच्छ, सक्षम, दक्ष र प्रविधिमैत्री हुने लगायतका विषयलाई आधारभूत सिद्धान्तमा समावेश गरिएको छ । प्रस्तावित विधेयकको दफा ७६ र दफा ७७ मा निजामती कर्मचारी राजनीतिक गतिविधिमा संलग्न हुन नपाउने सम्बन्धमा थप व्यवस्था गरिएको छ । दफा ७६ मा राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने सम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'कुनै निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुनै कुरामा आफ्नो वा अन्य कसैको स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।' प्रस्तावित विधेयकको दफा ७६ मा लोक सेवा आयोगको सुझाव छ, 'प्रस्तावित व्यवस्था नै उचित रहेको ।' दफा ७७ मा राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने सम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'निजामती कर्मचारीले राजनीतिक दल, राजनीतिक दलको भातृ संगठन, राजनीतिक दलको जनवर्गीय संघसंगठन वा राजनीतिक दलसँग आबद्ध पेसागत संघसंगठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन ।' प्रस्तावित विधेयकको दफा ७७ मा लोक सेवा आयोगले 'प्रस्तावित व्यवस्था उचित रहेको' सुझाएको छ ।

प्रस्तावित विधेयकले निजामती कर्मचारीलाई राजनीतिक पदका लागि हुने निर्वाचनमा संलग्न हुनबाट समेत रोकेको छ । यससम्बन्धी व्यवस्था विधेयकको दफा ८३ मा छ । जहाँ भनिएको छ, 'निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन, प्रचार प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैका लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।'

यी प्रस्तावित व्यवस्थाहरूको उल्लंघन गर्ने कर्मचारीको जागीर जाने सम्मको प्रावधान छ । कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्नेसम्बन्धी व्यवस्था प्रस्तावित विधेयकको दफा १०० मा छ । 'राजनीतिक दल, राजनीतिक दलको भातृ संगठन, राजनीतिक दलको जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध पेसागत संघसंगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार भएमा त्यस्तो कर्मचारी सेवाबाट बर्खास्तीमा पर्नेछन् । यी कार्य गरेको ठहर भएका त्यस्ता कर्मचारी भविष्यमा समेत निजामती सेवाका लागि अयोग्य हुने गरी बर्खास्तीमा पर्न सक्नेछन् ।

यसमा पनि लोक सेवा आयोगले प्रस्तावित व्यवस्था नै उचित रहेको राय पठाएको छ । लोक सेवा आयोगले प्रस्तावित विधेयकको दफा १०० का सम्बन्धमा राय पठाउँदै भनेको छ, 'विधेयकको व्यवस्था नै उचित रहेको ।' तर, यी व्यवस्थाहरूमाथि राज्य व्यवस्था समितिले निर्णय लिन बाँकी छ । दफावार छलफलमा रहेको समितिले बिहीबार प्रस्तावनासहित विधेयकको तीन वटा दफा पास गरेको छ । विधेयकको प्रस्तावनामै निजामती कर्मचारी राजनीतिक रूपमा तटस्थ हुनुपर्ने भनिएको छ ।

प्रस्तावित विधेयकको प्रस्तावनामा भनिएको छ, 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी पारदर्शी, समावेशी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न वाञ्छनीय भएकोले ।'

प्रस्तावित विधेयकमा कतिपय महत्त्वपूर्ण विषयमा सहमति जुट्न बाँकी छ । स्थानीय तहका प्रमुख प्रशसकीय अधिकृत र प्रदेश मन्त्रालयका सचिव कुन सरकार मातहत रहने, कर्मचारीमा सेवा प्रवेश र अवकाशको समय, समावेशी प्रतिनिधित्व, कर्मचारीको सरुवा र बढुवा तथा सेवा सर्त लगायतका विषयमा समेत लोक सेवा आयोगले चासो दिएको छ ।

स्थानीय तहका प्रमुख प्रशसकीय अधिकृत र प्रदेश मन्त्रालयको सचिव संघीय निजामती सेवाकै हुनु उचित रहेको आयोगको सुझाव छ । कर्मचारीमा सेवा प्रवेश पुरुषको हकमा अधिकतम ३२ वर्ष र महिलाको हकमा ३७ वर्ष नै कायम गर्न सुझाएको छ । अवकाशको उमेर ६० वर्ष पुऱ्याउन सुझाइएको छ । समावेशी प्रतिनिधित्व सुनिश्चित गर्दा आर्थिक विपन्नतालाई ख्याल गरिनुपर्नेमा लोक सेवा आयोगको जोड छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'फेरि रेशम फिलिली'मा 'पारी त्यो डाँडामा' गीतको सिक्वेल



काठमाडौं/२०७२ सालमा प्रदर्शन भएको फिल्म 'रेशम फिलिली'मा समावेश 'पारी त्यो डाँडामा' गीतले करिब २/३ वर्ष बजारमा एकछत्र कब्जा जमायो । अझै पनि जनजिब्रोमा यो गीत झुण्डिएको छ । गीतको लोकप्रियताका कारण फिल्मलाई ओपनिङ पनि सानदार मिलेको थियो । तर, रिलिजको दोस्रो दिनै (बैशाख १२ गते) ठूलो भूकम्प जाँदा फिल्म चल्नै पाएन । यद्यपि, गीतको चर्चा भने कम भएन ।

अब उक्त गीतको सिक्वेलको रुपमा 'फेरि जालमा' आउने भएको छ । यो गीत 'रेशम फिलिली'कै सिक्वेल 'फेरि रेशम फिलिली'मा समावेश हुनेछ । यसै साता सार्वजनिक हुन लागेको गीतको केही दिनअघि छायांकन गरिएको थियो । शुक्रबार गीत छायांकनका केही तस्वीर सार्वजनिक भएका छन्, जसमा फिल्मका मुख्य जोडी विनय श्रेष्ठ र सुपुष्पा भट्ट कँडेललाई देख्न सकिन्छ ।

सार्वजनिक तस्वीरमा विनय र सुपुष्पा रोमान्टिक मुडमा प्रस्तुत छन् । उनीहरुको आडैमा एउटा रुख छ, जसको हाँगामा विभिन्न रंगका छाताहरु बाँधिएको छ । गीतमा कालीप्रसाद बाँस्कोटाको संगीत छ भने कालीप्रसाद र सोमिया बराइलीको पार्श्व गायन छ । मानस राज गीतका रचनाकार हुन् । 'जालमा' गीत पनि कालीप्रसाद र मानसले नै तयार पारेका थिए ।

आगामी फागुन १४ गते (महाशिवरात्रि)बाट प्रदर्शनमा आउन लागेको फिल्मका लेखक तथा निर्देशक निरोज महर्जन हुन् । रौनक विक्रम कँडेल निर्माता रहेको फिल्ममा विनय र सुपुष्पासहित नीर शाह, कामेश्वर चौरासिया, प्रकाश घिमिरे, शिशिर वाङ्देल, महेश त्रिपाठी, मेक्सम गौडेल लगायतको अभिनय छ । फिल्मको कार्यकारी निर्माता सुरज बम ठकुरी तथा सह-निर्माता एनि थापा हुन् ।

# ८ वर्षपछि 'माया प्रीति'बाट निर्माणमा फर्किंदै निशा



काठमाडौं/अभिनेत्री तथा निर्मात्री निशा अधिकारी ८ वर्षपछि फिल्म निर्माणमा फर्किने भएकी छन् । उनी कार्यकारी निर्माताको रुपमा आबद्ध भएको फिल्म 'माया प्रीति'को शुक्रबार घोषणा गरिएको छ । यसअघि उनले सन् २०१७ मा प्रदर्शनमा आएको फिल्म 'झयानाकुटी' निर्माण गरेकी थिइन् । अवि श्रेष्ठको निर्देशनमा बन्न लागेको फिल्मको कार्यकारी निर्मातामा निशासहित सन्तोष कुमार कार्की छन् ।

फिल्मको घोषणा गर्दै निशाले फेसबुकमा लेखेकी छन्, 'म कार्यकारी निर्माताको रुपमा 'माया प्रीति'बाट पूरै नयाँ भूमिकामा सिल्भर स्क्रिनमा पुनरागमनको घोषणा गर्न पाउँदा उत्साहित छु । यो जादुयी र अविश्वसनीय यात्रा साझेदारी गर्न अधैर्य छु ।' रोमान्टिक-कमेडी जनरामा निर्माण हुन लागेको फिल्ममा उनको अभिनयबारे भने कुनै जानकारी गराइएको छैन ।

'माया प्रीति' वन टू थ्री स्टुडियोज्को ब्यानरमा बन्नेछ । यो स्टुडियोजले आगामी दिनमा लगातार फिल्म निर्माण गर्ने निर्देशक श्रेष्ठले जानकारी दिए । यसअघि यो कम्पनीले लोकप्रिय टेलिभिजन कार्यक्रम 'प्ले इट अन' उत्पादन गरेको थियो । फिल्मको क्रिएटिभ निर्देशकमा प्रणव जोशी छन् । उनी 'रेशम फिलिली'का निर्देशक समेत हुन् ।

निर्देशक अवि श्रेष्ठका अनुसार यो नयाँ युगको प्रेम कथा हुनेछ । फिल्मको कथाबारे उनी भन्छन्, 'सहज परिस्थितिमा त जसले पनि प्रेम गर्न सक्छ, तर यो कथा त्यस्ता पात्रको हो, जसले असहज परिस्थितिमा पनि सहजताका साथ प्रेमलाई बचाउँछ ।'

हलिउडको प्रसिद्ध टेलिभिजन स्टेसन एचबिओ र थुप्रै अन्तर्राष्ट्रिय परियोजनामा समेत काम गरेका उनको यो पहिलो निर्देशकीय फिल्म हुनेछ ।

# एक वर्षमै सिद्धबाबा सुरुङमार्गको 'ब्रेक थ्रु'

बुटवल/सिद्धार्थ राजमार्ग अन्तर्गत बुटवल-पाल्पा खण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको मुख्य टनेलको शुक्रबार ब्रेक थ्रु भएकोछ । पाल्पाकोतिनाउ गाउँपालिका वडा नं ३ दोभान नजिकै आयोजनाको बेस क्याम्पमा औपचारिक समारोहका बीच प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल माध्यमबाट सम्बोधन गरेपछि 'ब्रेक थ्रु' भएको हो ।

प्रधानमन्त्रीको सम्बोधन पछि 'ब्रेक थ्रु' उत्सवका लागि खन्न बाँकी राखिएको १.८ मिटर भागमा प्राविधिकले ब्लास्ट (विष्फोट) गराएर छिचोलेको थियो । दक्षिणतर्फ सिद्धबाबा मन्दिर र उत्तर तर्फ तिनाउ जलविद्युत आयोजनाको हेडबक्सतिरबाट खनिँदै आएको सुरुङ छिचोलिएको छ । ब्रेक थ्रु उत्सव समारोहलाई भर्चुअल विधिबाट सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सिद्धबाबा क्षेत्रमा हरेक वर्ष बस दुर्घटना हुने, सवारी साधनहरु पहिरोमा पर्ने समस्याबाट नागरिक पीडित भएको समस्या देखेर त्यसलाई अन्त्य गर्न सुरुङ मार्ग बनाउन सुरु गरिएको बताए ।

सुरुङ बनेपछि पाल्पा, पोखरा लगायत जिल्ला आवत जावत गर्न सुक्षित हुने र कुनै समस्या नआउने प्रधानमन्त्री ओलीले उल्लेख गरे । प्रधानमन्त्रीले अहिलेको संयुक्त सरकारले सुशासन र विकासमा ध्यान दिएको जिकिर गरे । उनले छोटो समयमै सुरुङको ब्रेक थ्रु अवस्थामा ल्याइपुऱ्याएकोभन्दै चिनिया निर्माण कम्पनीलाई धन्यवाद दिए ।

यसअघि सुरुङमार्ग अन्तर्गत १५१ मिटर लम्बाईको पहिलो बाइपास टनेल गएको असोज ४ मा, १३० मिटर लम्बाइको तेस्रो बाइपास टनेल गएको भदौ २६ मा र १६१ मिटरको दोस्रो बाइपास टनेल गएको पुस ७ गते ब्रेक थ्रु गरिएको थियो । समारोहमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंह, उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पुर्वाधार विकास मन्त्री देवेन्द्र दाहाल,लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य लगायत उपस्थित थिए ।

आयोजनाका अनुसार दुवैतर्फको रिबसहित सुरुङमार्गको कूल लम्बाइ एक हजार १२६ मिटर भएपनि खन्तुपर्ने टनेलको भाग भने एक हजार ८९ मिटर मात्रै हो । मुख्य सुरुङ सिद्धबाबा मन्दिरतर्फ दक्षिणबाट ६१० र तिनाउ जल विद्युतको हेडबक्सतर्फ उत्तरबाट ४७७.२ मिटर खन्ने काम सम्पन्न भएको छ ।

हालसम्म आयोजनाको भौतिक प्रगति ४०.१८ प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत भएको आयोजना प्रमुख कृष्णराज अधिकारीले बताए । सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको दोभानदेखि सिद्धबाबासम्म अग्लो भीर र चट्टानी पहाड भएकाले सिद्धबाबा सडक खण्डमा बर्खा र हिउँदमा अत्यधिक पहिरो झरिरहन्छ । यो खण्डको झण्डै ४ किलोमिटर सडक बर्खा र हिउँद सधैँ पहिरोको उच्च जोखिममा पर्ने गरेको छ ।

सोही जोखिमलाई मध्यनजर गरी सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको हो । ७ अर्ब ३४ करोड २१ लाख रूपैयाँको लागतमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणको काम गरिरहेको छ । निर्माण कम्पनीसँग भएको ठेक्का सम्झौता अनुसार २०८३ चैतभित्र सुरुङमार्गको काम सम्पन्न गर्नुपर्ने छ ।

टनेलको ब्रेक थ्रु भएपछि सुरुङभित्रको भूईं र भित्ता ढलान (लाइनिङ),गाडी गुड्ने क्षेत्र निर्धारण गरेर पेभमेन्ट ढलान, विद्युतिकरण, भेन्टिलेसन, नालीलगायतका कामहरू शुरु गरिने आयोजना प्रमुख अधिकारीले बताए ।

यस्तै, सिद्धबाबा क्षेत्रको बाहिरी पहाडमा पहिरो जान रोक्न 'रक सेड' प्रविधिबाट दक्षिणमा एक हजार ४९५ वर्गमिटरको काम भएको छ । उत्तरतर्फ ४९५ वर्गमिटर 'प्रोटेक्सन' को काम अघि बढेको छ । यो सुरुङमार्ग बाहिर पट्टिको खण्डमा रक सेड, रक फल ब्यारियर र स्लोप प्रोटेक्सनको काम हुनेछ । योजनाअन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम पनि थालिने आयोजनाले जनाएको छ ।

सिद्धबाबा सुरुङ मार्ग आयोजना २०७८ सालमै सुरु भएको हो । सुरुङ मार्ग २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौतामा उल्लेख छ । अहिले दैनिक डेढ सयदेखि दुई सयजना कामदारले काम गरिरहेका आयोजनाले जनाएको छ । सुरुङ खनेर सुरक्षाका लागि गरिने कामका साथै बाटो फराकिलो पार्नेसहित अन्य काम सुरु भइसकेको आयोजनाले जनाएको छ ।

इन्जिनियरिङ, 'प्रोक्योर मेन्ट एन्ड कन्स्ट्रक्सन (ईपीसी) मोडलको ठेक्का भएकाले यस अन्तर्गतका सम्पूर्ण संरचनाको डिजाइन, निर्माण तथा मर्मतको जिम्मा निर्माण व्यवसायीको रहनेछ । आयोजनाअन्तर्गत २ हजार ३ सय ९८ मिटर सडक स्तरोन्नति हुनेछ भने ७ सय ८० मिटरमा रकसेड हुने छ ।

*(स्रोत: अनलाइनखबर)*

# यातायात कार्यालय छोड्नै मान्दैनन् कर्मचारी

जनकपुरधाम/सिरहाको यातायात व्यवस्था कार्यालय लहानका अधिकृत (छैटौं) विजय दाहालको १५ असोजमा श्रम तथा यातायात मन्त्रालयमा सरुवा भयो । तर, दाहालले सरुवा अटेर गर्दै यातायात कार्यालयमै काम गरिरहेका छन् । मन्त्रालयका सूचना अधिकारी सुनिलकुमार साहले दाहाल अहिलेसम्म मन्त्रालयमा हाजिर नभएको बताए ।

दाहालको सरुवा र बेवास्ता पहिलो भने होइन । एक वर्षभित्रै दाहालको तीन पटक सरुवा भएको छ र तिनैपटक उनले यातायात कार्यालय छोड्नु परेको छैन । २०८० भदौमा उनलाई मधेशको उद्योग तथा पर्यटन मन्त्रालयमा सरुवा गरिएको थियो । तर, उनले त्यहाँ काम नगरी यातायात कार्यालय लहानमै बस्न सफल भए । त्यसपछि मुख्यमन्त्री कार्यालयले १८ चैत २०८० मा उनलाई भू तथा जलाधार कार्यालय लहानमा सरुवा गऱ्यो । जलाधार कार्यालयमा पनि हाजिर भएनन् । पछिल्लोपटक १५ असोजमा श्रम तथा यातायात मन्त्रालयमा तान्ने निर्णय भयो । तर पनि दाहाल मन्त्रालय गएका छैनन् ।

पटक-पटक सरुवा हुँदा पनि सरुवा भएको कार्यालय नजानुको कारणबारे संचारकर्मीको प्रश्नमा उनी एकछिन अलमलिए र भने, 'अब चाँडै जान्छु ।' २८ साउन २०७१ मा उनी पहिलोपटक यातायात व्यवस्था कार्यालय सगर माथा, लहानमा खरिदारका रूपमा आएका थिए । त्यसबेलादेखि एक वर्ष मात्र कार्यालय बाहिर बसेका दाहाल त्यहीं बस्दाबस्दै बढुवा भएर अधिकृत छैटौंसम्म पुगिसकेका छन् ।

साधारणतया कर्मचारीको सरुवा दुई वर्षमा हुने प्रावधान छ । तर, दाहाल १० वर्षदेखि एउटै कार्यालयमा छन् । सरुवा हुन नमान्ने यातायात कार्यालयका दाहाल एक्ला कर्मचारी भने होइनन् । यातायात व्यवस्था कार्यालय जनकपुरमा अधिकृत छैटौंमा कार्यरत रमेशकुमार दासलाई पनि दरबन्दी कायम भएको शिक्षा विकास निर्देशनालयमा फर्किन पत्र मन्त्रालयले पत्राचार गरेको थियो । तर उनले पनि अटेर गरिरहेका छन् ।

मन्त्रालयका सूचना अधिकारी सुनिल साहका अनुसार मन्त्रालयले दासलाई काज फिर्ता हुन दुईपटक पत्र पठाइसकेको छ । तर उनी पनि अहिलेसम्म मन्त्रालयमा हाजिर भएका छैनन् । अधिकृत दासले कार्यालयमा जनशक्ति अभाव हुँदा कार्यालयकै आग्रहमा यो महिनाभरिका लागि पर्खिएको संचार कर्मीलाई बताए ।

यातायात व्यवस्था कार्यालय बर्दिबासका अधिकृत सञ्जय खतिवडालाई पनि १५ असोजमै वन कार्यालय, सर्लाहीमा फर्किन पत्राचार भएको थियो । तर, उनले ९ माघमा बल्ल रमाना पत्र बुझेर आफ्नो दरबन्दी भएको सर्लाही वन डिभिजनमा फर्किएको साहले बताए । मन्त्रालयका सचिव सुरेन्द्रकुमार पौडेलले सरुवा र काज फिर्ताको निर्णय कार्यान्वयन गरिने बताए । 'म एउटा कार्यक्रमको सिलसिलामा बाहिर छु । मैले यो विषयमा बुझेर निर्णय कार्यान्वयन गराउन निर्देशन दिन्छु,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# हलमा 'केटी हराएको सूचना'ले दर्शक फर्काउला ?

काठमाडौं/गत मंसिर पछि नेपाली फिल्मको व्यापार सेलाएको छ । ठूला 'स्टार'का फिल्मले समेत दर्शक तान्न सकेनन् । अब शुक्रबारबाट नयाँ फिल्म 'केटी हराएको सूचना' प्रदर्शनमा आएको छ । एकातिर 'उजेली' जस्तो यादगार डकुड्रामा बनाएका दीपेन्द्र गौचनको निर्देशन र अर्कोतिर नाजिर हुसेन र सृष्टि श्रेष्ठ जस्ता नाम चलेका कलाकार भएकाले फिल्मले हलमा दर्शक फर्काउने अपेक्षा गरिएको छ ।

सोलो रिलिज र अघिल्ला साताका फिल्म नचलेका कारण 'केटी हराएको सूचना'लाई मल्टीप्लेक्सहरुले उल्लेख्य शो बाँडेका छन् । केही शोमा बुकिङ पनि राम्रो देखिन्छ । वितरक करण श्रेष्ठले शुक्रबार बिहानै नयाँ बानेश्वरमा रहेको वान् सिनेमाज्मा हाउसफुल दर्शकको तस्वीर सेअर गरेका छन् । 'वर्ड अफ माउथ' राम्रो मिलेको अवस्थामा दिउँसोबाट फिल्मले थप गति लिन सक्छ ।

मधेशी युवक र पहाडी युवतीबीच भेट भएपछि आउने उतार-चढावको कथा फिल्मले पेस गरेको छ । फिल्मको करिब ९० प्रतिशत दृश्यमा नाजिर र सृष्टिलाई देख्न सकिन्छ । जनकपुरको सेटिङमा खिचिएको फिल्ममा तराईको जीवनशैली र मिथिला संस्कृतिलाई पनि देखाइएको छ । २ घन्टा ४० मिनेट लम्बाईको फिल्ममा एउटै सिन १० मिनेटसम्मका छन् ।

दीपेन्द्र गौचनको निर्देशनसहित लेखन तथा निर्माणमा तयार भएको फिल्ममा नाजिर र सृष्टिसहित सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल आदिको अभिनय छ ।

अमर महर्जनको छायांकन रहेको फिल्मको कार्यकारी निर्मातामा देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सका प्रमुख नकिम उद्दिन छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



(१) हेटौंडा उपमहानगरको १ नम्बर वडाको बालमैत्री घोषणासभामा राखिएको सामूहिक प्रतिबद्धतामा हस्ताक्षर गर्दै उपमहानगरका प्रवक्ता तथा १ नम्बरवडाअध्यक्ष सविन न्यौपाने । (२) बालमैत्री घोषणापत्र पढ्दै उपमहानगरप्रमुख मीनाकुमारी लामा । (३) बालमैत्री घोषणासभामा राखिएको सामूहिक प्रतिबद्धतामा हस्ताक्षर गर्दै नगरप्रमुख लामा । (४) बालमैत्री घोषणासभामा नृत्य प्रस्तुत गर्दै स्थानीय विद्यार्थी कलाकार । नकौली आधारभूत स्वास्थ्यकेन्द्र बाँफोडाँडामा आयोजित घोषणासभामा वडाको वस्तुस्थितिबारे जानकारी दिँदै वडाअध्यक्ष सविन न्यौपानेले घोषणाका लागि आवश्यक ५१ सूचकमध्ये ४७ वटामा सतप्रतिशत र बाँकी ४ वटा सूचकमा क्रमश: ८२ देखि ९६ प्रतिशतसम्म प्रगति हासिल गरिएको जानकारी दिए । १४ दशमलव ८६ वर्ग किलोमिटर रहेको १ नम्बर वडामा घरधुरी तथ्यांक सर्वेक्षणअनुसार ६ हजार ७९० जनसंख्या छ । *तस्विर: प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# समपूरक अनुदानको नयाँ ब्यवस्था, कैलाश र राक्सिराङले धेरै पाउने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ संघीय सरकारले स्थानीय तहलाई नयाँ तरिकाले विभाजन गरेर समपूरक अनुदान दिने भएको छ । यसका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहलाई ७ वर्गमा वर्गीकरण गरेको छ ।

'क' बर्गका स्थानीय तहले ८० प्रतिशतसम्म अनुदान पाउने भएका छन् । 'क' बर्गमा १५५ वटा स्थानीय तह छन् । मकवानपुरको कुनैपनि स्थानीय तह 'क' बर्गमा परेका छैनन् । ७० प्रतिशतसम्म अनुदान दिइने 'ख' बर्गका स्थानीय तहमा मकवानपुरको कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिका रहेका छन् ।

६० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरका बागमती गाउँपालिका, भीमफेदी गाउँपालिका र ईन्द्रसरोवर गाउँपालिका रहेका छन् । त्यस्तै ५० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिका रहेका छन् । ४० प्रतिशतसम्म अनुदान पाउने स्थानीय तहमा मकवानपुरगढी गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका रथाहा नगरपालिका रहेका छन् । २० प्रतिशतसम्म मात्रै अनुदान दिइने स्थानीय तहमा हेटौंडा उपमहानगर पालिका परेको छ ।

स्थानीय तह एक्लैले निर्माण गर्न नसक्ने ठूला पूर्वाधारमा प्रदेश तथा केन्द्र सरकारसँगको साझेदारीमा निर्माण गर्न समपूरक अनुदानको व्यवस्था गरिएको छ । यस्ता परियोजना निर्माणको लागि लाग्ने लागतमा हिस्सा विभाजन गरिन्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को व्यवस्था प्रदेश तथा केन्द्र सरकारले यस्ता परियोजनामा थप लगानी गर्न सक्ने व्यवस्था गरिएको छ । यसअघिको कार्यविधि खारेज गरेर नयाँ कार्यविधि बनाइएको हो ।

यसअघि काठमाडौं महानगरपालिका वा डोल्पाको डोल्पोबुद्ध गाउँपालिका (धेरै राजस्व स्रोत भएका र अतिकम स्रोत भएका) सबैको लागि अधिकतम ५० प्रतिशतसम्म लागत संघीय सरकारले र न्यूनतम ५० प्रतिशत लागत स्थानीय तहले बेहोर्ने गरी कार्यविधि बनाइएको थियो । अब भने स्थानीय तहको राजस्व स्रोत अवस्था हेरेर २० देखि ८० प्रतिशतसम्म उपलब्ध गराइने भएको छ । 'आर्थिक स्रोत राम्रो भएका र कमजोर भएका सबै पालिकालाई समान तरिकाले अनुदान उपलब्ध गराउदा पूर्वाधार विकासमा असमनाता बढ्ने भएकोले नयाँ वर्गीकरण गरेर अनुदान दिन खोजिएको हो' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारीले बताए ।

स्थानीय तहलाई ७ वर्गमा वर्गीकरण गर्ने क्रममा सम्बन्धित स्थानीय तहले अहिले संकलन गर्न सकेको राजस्वको अवस्था तथा भविष्यमा संकलन गर्न सक्ने राजस्वको अवस्थालाई विश्लेषण गरिएको बताइएको छ ।

यही आधारमा सबभन्दा कमजोर स्रोत भएकोलाई 'क' बर्गमा राखिएको छ। सबभन्दा राम्रो अवस्था भएकोलाई 'छ' बर्गमा राखिएको छ । 'क' बर्गमा पर्ने स्थानीय तहको हकमा स्थानीय तहले न्यूनतम २० र केन्द्रीय सरकारले अधिकतम ८० प्रतिशत रकम विनियोजन गर्ने व्यवस्था गरिएको हो ।

# सहिद दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडाको सहिद स्मारक विकास समितिले सहिद दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम गर्ने भएको छ । आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्यकारुपमा रहेको सहिद स्मारकमा माघ १६ गतेसम्म विभिन्न क्रियाकलाप गरेर दिवस मनाउन लागिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

समितिका सचिव रघुनाथ खुलालका अनुसार हिजो १० गते स्मारक परिसरमा राष्ट्रिय झण्डा झण्डोत्तलन गरेर सप्ताहव्यापी कार्यक्रमको सुरुवात गरिसकेको जानकारी दिए । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत माघ ११ गते पत्रकार भेटघाट तथा अन्तरक्रिया, माघ १२ गते स्मारक परिसर सर सफाई, माघ १३ गते रक्तदान कार्यक्रम, माघ १४ गते हेटौंडा-१२ मा रहेको सहिद लखन थापा वाटिकामा श्रद्धाञ्जली कार्यक्रम, माघ १५ गते 'लोकतन्त्र प्राप्तिका लागि राजनीतिक दलको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता र सहिद दिवसका दिन माघ १६ गते बिहान प्रभातफेरी र नेपाली सेना, नेपाल प्रहरीबाट सहिदहरुप्रति सलामीसहित श्रद्धाञ्जली कार्यक्रम गर्ने समितिले जनाएको छ ।

पत्रकार सम्मेलनमा समितिका अध्यक्ष डोरमणि पौडेलले सहिद स्मारकको विस्तार गर्दै त्यहाँ रहेका वन्यजन्तुको उचित बासस्थानका लागि प्रयास भइरहेको बताए । पत्रकारको प्रश्नको जवाफ दिदै अध्यक्ष पौडेलले पछिल्लो समय राति पनि पर्यटक घुम्न आउने गरेकोमा आफूहरु उत्साहित भएको र यसको थप विस्तार व्यवस्थापनमा समितिले काम गरिरहेको बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश र मकवानपुरमा निर्वाचित महासंघका पदाधिकारी, सदस्यलाई बधाई तथा सम्मान पनि गरिएको थियो । सहिद स्मारकमा वनभोज, विभिन्न संस्थागत कार्यक्रम लगायत घुम्नैका लागि पनि भारतबाट पर्यटक आउने गरेका छन् ।

# चार महिनापछि प्रदेशसभाको अधिवेशन बोलाउन सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/चार महिनादेखि ठप्प बागमती प्रदेशसभाको हिउँदे अधिवेशन आव्हान गर्न प्रदेश मन्त्रिपरिषद्ले प्रदेशप्रमुखलाई सिफारिस गर्ने निर्णय भएको छ ।

शुक्रबार बसेको मन्त्रि परिषद् बैठकले आगामी शुक्रबार माघ १८ गते ११ बजे प्रदेशसभाको १५ औं अधिवेशन बोलाउन प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । मन्त्रिपरिषद्ले सिफारिस गरेपछि प्रदेशप्रमुखले अधिवेशन बोलाउने कानुनी व्यवस्था छ ।

प्रदेशसभा ठप्प भएको चार महिनापछि सरकारले प्रदेशसभा बैठक राख्ने तयारी गरेको हो । लामो समयदेखि प्रदेशसभा नराखेको भन्दै विपक्षी दलहरुले सरकारको ध्यानाकर्षण गराउँदै आएका थिए । गत ३१ वैशाख २०८१ देखि सञ्चालन भएको बागमती प्रदेशसभाको बर्खे अधिवेशन असोज ७ गते सकिएको थियो । यसअवधिमा बसेका ३८ वटा बैठकले चारवटा विधेयक पारित गरेको थियो ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिसमा भवन नीति-२०८१ र अपाङ्गता भएका व्यक्तिसम्बन्धी प्रादेशिक नीति स्वीकृत गर्ने निर्णय गरेको छ । संस्कृति तथा पर्यटन मन्त्रालयले आवश्यक कार्यविधि तयार गरी कर्मचारी व्यवस्थापनलगायतका काम गर्न निर्देशन दिएको कानुनमन्त्री लामिछानेले जानकारी दिए ।

मन्त्रिपरिषद्ले प्रदेश जग्गा एकीकरण सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरेको मन्त्री लामिछानेले बताए । प्रदेश सरकारी कामकाजी भाषा ऐन कार्यान्वयनको सर्न्दभमा अध्ययन कार्यदलले तयार गरेको प्रतिवेदन ग्रहण गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

कानुनमन्त्री लामिछानेका अनुसार प्रतिवेदनका आधारमा प्रदेश कामकाजी भाषा ऐन कार्यान्वयनको लागि आवश्यक तयारी तथा व्यवस्थापन गर्न संस्कृति तथा पर्यटन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

# भारतको रेल दुर्घटनामा ११ वर्षीय छोरासहित अस्ताए अछामका नन्दराम र मैसारा



काठमाडौं, ११ माघ/ भारतको महाराष्ट्र राज्य अन्तर्गत जलगाउँ जिल्लाको परधाडे स्टेसन नजिकै भएको रेल दुर्घटनामा परेर एकै परिवारका तीन जना नेपालीले ज्यान गुमाएका छन् । अछामको पञ्चलदेव विनायक नगरपालिका-४ का एकै परिवारका तीन जनाको दुर्घटनामा परेका निधन भएको हो ।

श्रीमान्-श्रीमतीसहित ११ वर्षीय छोराको दुर्घटनामा परेर निधन भएको वडाध्यक्ष हर्क बहादुर बडुवालले जानकारी दिए । मृत्यु हुनेहरूमा ४४ वर्षीय नन्दराम विश्वकर्मा, ४२ वर्षीया मैसारा कामी विश्वकर्मा र उनीहरूका कान्छा छोरा ११ वर्षीय हिक्मत विश्वकर्मा रहेका छन् ।

वडाध्यक्ष बडुवालका अनुसार नन्दराम भारतमै रोजगारी गर्दै आएका थिए । उनी यसअघि पनि घर आउजाउ गरिरहेका हुन्थे । पछिल्लो पटक भने उनी गाउँमा रहेकी श्रीमती र छोरालाई पनि आफूसँगै भारत लैजानका लागि नेपालगन्जसम्म आएका थिए ।

उनका अरु दुई भाई छोरा र एक छोरी छन् । छोरीको विवाह भइसकेको छ । एउटा छोरा भारतमै रोजगारी गर्छन् भने अर्का छोरा सुर्खेत बसेर अध्ययन गरिरहेका छन् । सुर्खेत अध्ययन गरिरहेका जेठा छोराले नेपालगन्जसम्म भाई र आमालाई पुर्‍याएर बुवाको जिम्मा लगाएका थिए । नन्दराम भारतबाट नेपालगन्जसम्म आएर उनीहरूलाई लगेका थिए । सोही क्रममा महाराष्ट्रमा भएको रेल दुर्घटनामा परेर उनीहरूको निधन भएको हो ।

भारतमा रोजगारी गरि रहेका चाहिँ माइला छोरा हुन् । उनीहरू तीनै जनाको भारतमै दाहसंस्कार भइसकेको छ । सोही रेलको डब्बामा उनीहरूसँगै अन्य ९ जना नेपाली पनि थिए । दुर्घटनाबाट उक्त डब्बामा रहेका अन्य पाँच जना बाँच्न सफल भएका थिए । उक्त परिवारका तीन बाहेक अछाम कमलबजारका ६० वर्षीया जोक्ला उर्फ कला कामीको पनि निधन भएको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार सो दुर्घटनामा परेर सात जना नेपालीले ज्यान गुमाएका छन् । अछामका ४ जना, कैलालीका २ जना र बाँकेका एक जनाको मृत्यु भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । गत ९ माघ साँझ करिब ५:०५ बजे भएको रेल दुर्घटनामा भएको थियो । सो दुर्घटनामा परेर १२ जनाको निधन भएको थियो ।

# हेलिकोप्टरबाट २४ हजार लिटर पानी खन्याइयो, निभेन महाभारतको आगो

काभ्रे, ११ माघ/ काभ्रेपलाञ्चोकको खानीखोला र बेथानचोक गाउँपालिकाको सिमानामा पर्ने थामलेकको महाभारत जंगलमा लागेको आगो निभाउन शुक्रबार दिउँसो हेलिकोप्टर प्रयोग गरियो । सिम्रिक एयरको हेलिकोप्टर बाट करिब २४ हजार लिटर पानी आगोलागी भएको क्षेत्रमा खन्याउँदा पनि आगो नियन्त्रणमा आउन सकेको छैन । अहिले पनि जंगलमा आगो दन्किरहेको छ ।

बेथानचोक गाउँपालिका अध्यक्ष भगवान अधिकारीले शुक्रबार दिउँसो २४ पटक हेलिकोप्टरले पानी खन्याएको थियो । एक पटकमा एक हजार लिटर पानी बेथानचोककै वडा नम्बर २ स्थित एक पार्कबाट लिएर हेलिकोप्टरले आगोलागी भइरहेको क्षेत्रमा खन्याएको थियो ।

हाललाई बस्ती नजिक रहेको रमितेडाँडा, ज्वानेथुम्को लगायतका क्षेत्रमा आगो नियन्त्रण भएको उनले बताए । अन्य ठाउँमा आगो नियन्त्रणमा आउन सकेको छैन ।

गत मंगलबार दिउँसो २ बजेबाट सो क्षेत्रमा आगलागी भएको थियो । आगलागी भइरहेको क्षेत्रमा नेपाली सेनासहितको टोली परिचालन गरिएको जनाइएको छ ।

# बालविवाहमुक्त नेपाल अभियानमा मुख्यमन्त्री लामाको साथ

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा तामाङले बालविवाहमुक्त नेपालका लागि बागमती प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

बालविवाहमुक्त नेपालका लागि जस्ट राइट्स फर चिल्ड्रेन इन नेपालका प्रतिनिधि तथा बालबालिकाको अगाडि शुक्रबार प्रतिज्ञापत्रमा हस्ताक्षर गर्दै उनले प्रतिबद्धता जनाएका हुन् । मुख्यमन्त्री लामाले आफू र आफ्नो सरकार बालविवाहमुक्त अभियानमा प्रतिबद्ध रहेको जनाउँदै यसअघि नै बागमती सरकारले बालविवाहमुक्त गर्नका लागि नीति र कानुन बनाइसकेको जानकारी दिए ।

'हामीले यसअघि नै कानुन बनाइसकेका छौं । स्थानीय तहमा पनि नीति र कानुन बनाउँदै छौं,' उनले भने, 'कानुनी र संवैधानिकरुपमै हामी बालविवाहमुक्त प्रदेश घोषणाका लागि प्रतिबद्ध छौं ।' हस्ताक्षर कार्यक्रममा सामाजिक अभियन्ता बालकृष्ण पाण्डे, डा.गंगाधर अधिकारी र देवकी रेग्मीलगायत सहभागी थिए । सन् २०३० सम्म बालविवाहमुक्त नेपाल घोषणा गरिसक्नका लागि गत १६ पुसमा प्रधानमन्त्री केपी ओलीले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेर अभियानको सुरुवात गरेका थिए ।

यस्तै, संघीय सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री तथा सातै प्रदेश सरकारका सामाजिक विकासमन्त्रीहरुले संयुक्तरुपमा राष्ट्रिय अभियानको यसअघि नै सुरुवात गरिसकेका छन् । विश्वव्यापीरुपमा सञ्चालित यो अभियान तीन महादेशका बढीमात्रामा बालबिवाह हुने गरेका करिब २८ राष्ट्रमा चलिरहेको बताइएको छ ।

## हेटौंडा उपमहानगरपालिका ११ नं. वडा कार्यालयको

**सूचना ! सूचना ! सूचना !**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने ब्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको ब्यवस्था बमोजिम बिवाह गर्ने ब्यक्तिको उमेर बीस बर्ष नपुगी विवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने कानूनी ब्यवस्था रहेको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

जुना दाहाल (वडा अध्यक्ष) तथा
११ नं. वडा कार्यालय, परिवार

## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

## नि:शुल्क सीप मुलक तालिमको सुवर्ण अवसर !!!

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१-१०-१२ गते*

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय प्रदेश युवा परिषद् बागमती प्रदेश हेटौंडाको सहयोगमा क्रियटिभ स्कील्स प्रा.लि.विरगंज-८, पर्साद्वारा सञ्चालन हुन लागेको ३९० घण्टे नि:शुल्क ब्युटीपार्लर (तह १) विषयको तालिम तपसिलका जिल्लाको निम्न स्थानीय निकायमाहरुमा संचालन हुन गइरहेकोले यस बागमती प्रदेश भित्रका युवाहरुलाई (बिशेष प्रथमिकता दलित, जनजाति, महिला उत्पीडितवर्ग, अपाङ तथा सहिद परीवार) सीपमुलक तालिममा सहभागी हुन इच्छुक युवा वर्गहरुलाई तपसिल बमोजिमका कागजातहरुका साथ आवेदनदिनु हुने सुचित गरिन्छ ।

| सि.नं | तालिमको विषय | सहभागी संख्या | संचालन हुने जिल्ला/कोटा | तालिम हुने स्थानीय निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ब्युटीपार्लर | २० | ललितपुर-१ | गोदावरी नगरपालिका | |
| | | ८० | मकवानपुर-४ | हेटौंडा उप महानगरपालिका | |
| | | २० | भक्तपुर-१ | मध्यपुरथिमी नगरपालिका | |
| | | २० | काठमाडौं-१ | बुढानिलकण्ठ नगरपालिका | |
| | | २० | नुवाकोट-१ | बेलकोट गढी नगरपालिका | |
| | | ४० | चितवन-२ | कालिका नगरपालिका/भरतपुर म.न.पा | |

**आवश्यक कागजातहरु :-** नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ प्रति
**उमेर :-** १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**फाराम भर्ने अन्तिम मिति:** २०८१/१०/१८गते सम्म
**थप जानकारीको लागि :** सुनिल दुलाल (प्रदेश युवा परिषद्) ९८६९१६०८३५

मुख्य कार्यालय
**क्रियटिभ स्कील्स प्रा.लि.**
बीरगंज-८, पानीटंकी, पर्सा
सम्पर्क नं. ९८०२९२९६०१, ०५१-५३०२२५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना